नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना (दोस्रो)

(Enhanced Vocational Education and Training Project -II)

बुद्धनगर, काठमाडौं

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं

च.नं.

मिति: २०७६/१२/०७

## तालिम स्थगन सम्बन्धी अत्यन्त जरुरी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/१२/०५ को सम्बन्धित सबैको जानकारी तथा कार्यान्वयनका लागि प्रकाशन गरिएको अत्यन्त जरुरी सूचनामा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/०५ गते बसेको बैठकले गरेका निर्णयहरु उल्लेख गर्दै, 'सरकारी, सामुदायिक तथा निजी क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरु एवं निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरुबाट सञ्चालित कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्मका लागि बन्द गर्ने । साथै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट सञ्चालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलन जस्ता कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्मका लागि वन्द गर्ने' भन्ने उल्लेख भई आएकाले सोही निर्णय एवम् सूचनाबमोजिम यस परियोजनाद्वारा आ.ब. २०७६/०७७ मा तालिम तथा रोजगार प्रदायक संस्थाहरुमार्फत सञ्चालित नतिजामा आधारित छोटो अवधिको तालिम तह १ र २ तथा भौचरमा आधारित छोटो अवधिको तालिम तह १ लगायतका सम्पूर्ण तालिम कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्मका लागि स्थगन गर्नु हुन सम्बन्धित सबैको जानकारी तथा कार्यान्वयनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(चन्द्रकान्त भुसाल)
परियोजना निर्देशक